# हरियाली सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा. वडा नं. १० अर्घाखाँची

प.सं. : ०८२।०८३ मिति : २०८३।०१।०८

विषय : काठ दाउरा लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना !

(मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सूचना मिति २०८३।०१।०८)

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन कार्ययोजना बमोजिम आ.व. ०८२/०८३ मा सामुदायिक वनको ढलापडा तथा पुनरुत्पादन कटान क्षेत्रमा कटान गरिएका रुखहरुबाट उत्पादन भई वन पैदावार आपूर्ति समिति, अर्घाखाँचीको लागि छुट्टाई बाँकी घाटगद्धीमा राखिएका तपसिल बमोजिमका गोलिया काठ र दाउरा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मिति देखि २१ औ दिन कार्यालय समय भित्र बोलपत्र खरीद गरी २२ औ दिन दिउस ३:०० बजे भित्र दाखिला गर्न सकिने व्यहोरा सूचित गरिन्छ ।

### तपसिल

लिलाम हुने वन पैदावारको विवरण

श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको च.नं. ३३६१ मिति २०८३।०१।०७ गतेको लिलाम सहमति बमोजिम प्रथम पटक प्रकासित सूचना

| लट नं. | काठको श्रोत | काठको प्रजाति | ग्रेड | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ०१/०८२/०८३ | आ.व. ०८२।०८३ मा पुनरुत्पादन कटान तर्फको धाङ्ग नं. १ को १८ थान साथै २, ३, ४ तथा ढलापडा तर्फको धाङ्ग नं. १ र २ का काठ, दाउरा | साल | A | १९ | ३२३.९२ | १२५० | ४०४९०० | ५७९८७१ | |
| | | साल | B | ४२ | ४५९.८१ | ९०० | ४१३८२९ | | |
| | | साल | C | १०४ | ४९६.९१ | ६०० | २९८१४६ | | |
| | | साल | D | १० | २२.२२ | ३०० | ६६६६ | | |
| | | असना | A | १८ | ३५२.२८ | ४०० | १४०९१२ | | |
| | | असना | B | ४४ | ५७३.०५ | ३०० | १७१९१५ | | |
| | | असना | C | ७५ | ३८६.३९ | १०० | ३८६३९ | | |
| | | कारीकाठ | N | १ | ५.३२ | १०० | ५३२ | | |
| | | खोटेसल्ला | A | ५ | ११२.९२ | २५० | २८२३० | | |
| | | खोटेसल्ला | B | ४० | ४०१.६२ | १५० | ६०२४३ | | |
| | | साल दाउरा चट्टा | | | ३.५ | १२००० | ४२००० | ११३७५० | |
| | | अन्य दाउरा चट्टा | | | ३ | ४००० | १२००० | | |
| जम्मा | | | | | | | १६१८०१२ | ६९३६२१ | |

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति : २०८३/०१/२८ गते कार्यालय समयसम्म ।

(ख) दाखिला गर्ने अन्तिम मिति : २०८३/०१/२९ गते दिउसो ३.०० बजेसम्म ।

३. बोलपत्र डिभिजन वन कार्यालय, अर्घाखाँची र यस समूहको कार्यालयबाट प्रति टेण्डर फाराम वापतको रु. २,०००।- (फिर्ता नहुने गरी) तिरी खरिद गरी दाखिला गर्न सकिने छ ।

# हरियाली सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा. वडा नं. १०, अर्घाखाँची

४. शिलवन्दी बोलपत्र साथ कबोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समूहको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लि, सन्धिखर्क शाखा, अर्घाखाँचीमा रहेको हिसाव नं. ३०५०१००००३७८९००१ खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा कम्तीमा ६ महिना अवधिको बैंक जमानत समावेश गर्नु पर्ने छ ।

५. लिलाम बिक्री हुने वन पैदावार सम्वन्धित घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन ईच्छुक ब्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, अधावधिक सूचिकृत भएको पत्र वोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

७. रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०२।०१ गते दिउस १:०० बजे कार्यालय प्रतिनिधी, वोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा समूहको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन बमोजिम लाग्ने कर समेत वुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विकी नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विकी भएको बोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, वोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कबोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र बोलपत्र आब्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नभएको, बोलपत्र उपर कारवाही हुनेछैन ।

११. बोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी हरियाली सा.व.उ.स.को काठ दाउरा लिलाम सम्बन्धि शिलवन्दी वोलपत्र भनी उल्लेख गरेको हुनु पर्ने छ ।

१४. उपरोक्त उल्लेखित कुनै दिन विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१५. संघीय वन नियमावली, २०७९ को नियम २५ को उपनियम ५ बमोजिम बोलपत्र सदर भएको फर्मले बोलपत्र सदर भएको जानकारी पाएको ४५ (पैतालिस) दिन भित्र रकम दाखिला नगरेमा निजको धरौटी रकम जफत गरी बाँकी प्रकृया अगाडी वढाईने छ ।

१६. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समयभित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

ईति सम्वत् २०८३ साल वैशाख महिनाको ०८ गते रोज ०३ मा शुभम् ......................।

अध्यक्ष

# काठ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८३/०१/०८ गते)**

यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन कार्ययोजना अनुसार आ.व. ०८२।०८३ मा सामुदायिक वन क्षेत्रभित्र रहेका ढलापडा तथा पुनरुत्पादन कटान क्षेत्रमा कटान सहमति भएका रुखहरु कटान गरी उत्पादन भएका काठ दाउरा उपभोक्ता भित्र र छिमेकी सा.व.उ.स. मा बिक्री नभएकोले संकलन भएका साल काठ मध्येबाट वन पैदावार आपूर्ति समिति, अर्घाखाँचीको लागि छुट्टाई बाँकी घाटगद्दीमा रहेका विभिन्न जातको गोलिया थान ३५८ को ३१३४.४४ क्यू.फिट काठ र दाउरा ६.५० चट्टालाई (कायम गरिएको १ बटा लट) हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिकी गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मितिदेखि २१ दिनभित्र कार्यालय समयभित्र बोलपत्र खरीद गरी २२ औं दिन दिउँसोको ३:०० बजे भित्र दाखिला गर्न हुन र विस्तृत जानकारीको लागि यस समूहको कार्यालय तथा जिल्ला स्थित अन्य कार्यालयमा टाँस भएको सूचना साथै लुम्बिनी प्रदेश, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय र डिभिजन वन कार्यालय, अर्घाखाँचीको वेवसाइटमा समेत हेर्नु हुन अनुरोध छ।

**हरियाली सामुदायिक वन उपभोक्ता समूह**

शितगंगा न.पा. वडा नं. १०, अर्घाखाँची